# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६ ] काठमाडौं माघ २१ गते २०१२ साल [ संख्या ४०

## कानून तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाई बक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागी प्रकाशित गरीएको छ ।

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल १ सर्वोच्च कमाण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजा महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानां सदा समर विजयिनाम् ।

### २०१२ सालको ऐन नं. २०

गाउँ पंचायतऐन, २०१२

**प्रस्तावना**

ग्रामीण क्षेत्रमा स्थानीय स्वायत्त शासनकोलागि बलियोपार्न र गाउँ पंचायतहरूलाई सुगठित बनाई ग्रामप्रशासन तथा विकासको काम अधिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मात्रामा सफल हुने समयोचित व्यवस्था गर्नु पर्ने आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलका सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ ।

## परिच्छेद १

### प्रारम्भिक कथन

१. संक्षिप्त नाम, विस्तार तथा प्रारम्भः— (१) यस ऐनको नाम गाउँपंचायत ऐन, २०१३ रहेको छ ।

(२) यो ऐन नेपाल भरमुलुकमा तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः— विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) "गाउँसभा" भन्नाले यो ऐनको दफा ३ बमोजिम स्थापित गाउँ सभा सम्झनु पर्छ ।

(ख) "गाउँ पंचायत" भन्नाले यो ऐनको दफा २० बमोजिम गठन भएको गाउँ पंचायत सम्झनुपर्छ ।

(ग) तोकिएको वा तोकिए बमोजिमको भन्नाले यस ऐन अन्तर्गत बनेका नियमद्वारा तोकिएको वा तोकिए बमोजिमको सम्झनुपर्छ।

(घ) "स्थानीय हाकिम" भन्नाले यस ऐन अन्तर्गत स्थानीय हाकिमको अधिकार प्रयोग गर्न सरकारबाट नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) गाउँ भन्नाले दफा ३ अन्तगत गाउँ भनी घोषित गरिएको कुनै क्षेत्र सम्झनुपर्छ।

## परिच्छेद २

### गाउँसभाको स्थापना र गठन

३. गाउँसभाको स्थापना र त्यसको इलाकाः— (१) तोकिए बमोजिम आवश्यक जांचबूझ गरी स्थानीय हाकिमले तराईमा र उपत्यकामा लगभग २५०० र भित्रि मधेशमा र पहाडमा लगभग १००० जनसंख्या भएको क्षेत्र वा क्षेत्रहरूको समूहलाई गाउँ भनी घोषित गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४५०

(२) हरएक गाउँमा गाउँसभा स्थापित गर्नको निमित्त सो गाउँ सभाको नाम, सिमाना र जनसंख्या सुनाई स्थानीय हाकिमबाट आदेश जारी हुनेछ। त्यस्तो गाउँसभाहरूको फिरिस्त सरकारबाट प्रकाशित गरिनेछ।

(३) उपदफा [२] बमोजिम स्थापित भएका गाउँ सभाको इलाका जुनसुकै बखतमा पनि सरकारका तजबीजबाट, वा गाउँ सभाले वा त्यस भित्रका अधिकांश बासिन्दाहरूले कारण देखाई जाहेर गरेमा मनासिब देखिन आयो भने थपघट हुन सक्तछ।

४. गाउँसभा संस्था मानिने:— (१) दफा ३ बमोजिम स्थापित भएको प्रत्येक गाउँसभा अछिन्न उत्तराधिकारवाला एक संगठित संस्था (कर्पोरेट बडी) हुनेछ र त्यस संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) व्यक्ति सरह चल अचल सम्पत्ति किन्न, दान दातव्य लिन त्यसको उचित प्रबन्ध गर्न र अरू कुनै किसिमको ठेक्का समेत लिन दिन त्यस संस्थालाई अधिकार हुनेछ।

(३) सो संस्थाले व्यक्ति सरह नालिश उजूर गर्न र निज उपर पनि व्यक्ति सरह नालिश उजूर लाग्न सक्नेछ।

५. गाउँ सभाका सदस्य हुने अवस्था:— गाउँ सभाका इलाका भित्र साधारणतया बर्ष दिन बसेका वा त्यहाँ आफ्नो निजी घर भएको २१ वर्ष उमेर पुगेका सबै व्यक्ति सो गाउँ सभाका सदस्य हुन पाउनेछन्।

तर देहायका कुनै व्यक्ति गाउँ सभाका सदस्य हुन पाउने छैनन्:—

[क] गैर नेपाली नागरिक।

[ख] मगज बिग्रेका।

६. गाउँसभाको इलाका नगरपालिका वा अर्को गाउँसभामा शामिल हुनाका परिणाम:— गाउँ सभाको सम्पूर्ण इलाका कुनै नगरपालिका वा अर्को गाउँसभाको इलाकामा शामिल गयो भने त्यस्तो शामिल जाने गाउँ सभा खारेज हुनेछ तथा त्यसको आम्दानी खर्च, सम्पत्ति र काम कारवाईका

४६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कागज पत्रहरूको बुझ बुझारथ तोकिएको तरीकाले हुनेछ। गाउँ सभाको केही भाग मात्र लेखिए बमोजिम गाभिन गएमा भने सो भाग मात्र गाउँ सभाको इलाकाबाट कटाइनेछ।

७. सदस्यहरूको नाम नमेसीको रजिष्टर:— गाउँ सभाको स्थापना भएपछि निर्वाचन कमिशनले सो गाउँ सभाको इलाकाभित्र साधारणतया बस्ने २१ वर्ष उमेर पुगेका सबै व्यक्तिको तोकिएको ढांचाको एउटा रजिष्टर तयार गर्न लगाउनेछ। सो रजिष्टरमा अरू कुराका अतिरिक्त गाउँ सभाको स्थापना भएका मितिमा दफा ५ बमोजिम त्यसको सदस्य हुन नपाउने प्रत्येक व्यक्तिको नाम नमेसी लेखिनेछ। त्यस किसिमसँग तयार भएको एक रजिष्टरमा तोकिएको तरीकाले कमसेकम सालमा १ पटक घटबढ जनाई सो दुरुस्त गरी राखिनेछ।

८. गाउँ सभाको स्थापनाको काममा पर्न आएको बाधा हटाउने:— गाउँ सभा स्थापित हुंदा यस ऐनको वा यस ऐन अन्तर्गत बनेका कुनै नियमको व्याख्या गर्ने कुरामा वा त्यस्तो व्याख्याबाट उठेको विषयमा वा यस ऐनमा नखुलेको कुरामा कुनै झगडा वा कठिनाई उपस्थित भयो भने सरकारमा जाहेर गरी निकासा भए बमोजिम गर्नु पर्छ।

## परिच्छेद ३

### गाउँ सभाको बैठक र काम

९. गाउँ सभाको साधारण र असाधारण बैठकः—[१] गाउँ सभाको साधारण बैठक हरएक साल हिउँदे बाली पछि एक पटक र वर्षे बाली पछि एक पटक गरी जम्मा वर्षको दुई पटक गर्नु पर्छ।

(२) गाउँ सभाका सदस्यहरू मध्ये सयकडा बीस सम्मले मनासीब माफिकको कारण देखाई फलाना विषयमा बैठक गर्न पाउँ भनी दरखास्त दिएमा गाउँ सभाले दरखास्त परेको तीन दिन भित्रमा कुनै दिन असाधारण बैठक गर्न सक्छ।

(३) गाउँ सभाका सदस्यहरू मध्ये सयकडा दश जम्मा नभई बैठक गर्न हुँदैन। लेखिए बमोजिम संख्यामा सदस्य जम्मा हुन नसकेमा अर्को कुनै दिन मुकरर गरी सयकडा पांच सम्म सदस्यहरू जम्मा भए पनि बैठक गर्न हुन्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (१) वा [२] वा [३] मा लेखिए बमोजिम बैठक गर्दा यो मितिमा फलाना ठाउँमा यस बिषयमा बैठक हुने भएको छ भनी लिखित सूचना जारी गर्नु पर्छ।

(५) यस दफामा लेखिए बमोजिमको म्याद भित्र बैठक नबोलाइएमा लिखित उजुरी पेश भएपछि बुझी. गर्नु पर्ने ठहरेको ले ठहरे स्थानीय हाकिमले त्यस्तो बैठक बोलाउन सक्छ।

१०. साधारण बैठकमा गर्नु पर्ने काम कारबाई:— साधारण बैठकमा देहायबमोजिम काम कारबाई गर्नु पर्छ।

[क] बर्षै बाली पछिको साधारण बैठकमा गाउँ पंचायतले तयार गरेको अघिल्लो साल भरको र चालू सालको सो मिति सम्ममा भएको संयुक्त काम समेतको आम्दानी खर्चको हिसाब हेरी निर्णय गर्ने र गाउँ पंचायतले पेश गरेको आगामी सालको अनुमानी बजेट अर्थात आउने सालमा हुने भनी अन्दाज गरिएको आम्दानी खर्चको कांट छलफल गरी ठेगाना गर्ने।

[ख] हिउँदे बाली पछिको साधारण बैठकमा गाउँ पंचायतले आफ्नो इलाकामा गरेको बन्दोबस्ती काम बारे र ग्रामीण जनताको भलाइका अरू कुरा बारे समेत छलफल गरी गर्नु पर्ने नयाँ बन्दोबस्तको तर्जुमा गर्ने।

११. गाउँ सभाले संयुक्त समिति खडा गर्ने:— (१) दुइ वा दुइ भन्दा बढी इलाकालाई असर गर्ने वा फाइदा हुने काम कुरामा जिल्ला पंचायतको इजाजत लिई त्यहांका गाउँसभाहरूले आफूलाई भएका अखितयारी मध्येबाट चाहिंदो अखितयारी दिई आफ्ना आफ्ना प्रतिनिधि खटाई तोकिएको शर्त बन्देजमा रही संयुक्त समिति खडा गर्न सक्छ।

[२] उपदफा [१] बमोजिम खडा भएका संयुक्त समितिले बनाएका उपनियम र तयार गरेका योजना सम्बन्धित गाउँसभाहरूले कार्यान्वित गर्नु पर्छ।

[३] यस दफा अन्तर्गत काम गर्ने गाउँ सभाहरूमा कुनै कुराको मतभेद भएमा सो कुरा जिल्ला पंचायत छेउ पेश गरी निकास भएबमोजिम गर्नु पर्छ।

४६-३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# परिच्छेद ४

## गाउँ सभाको चल अचल सम्पत्ती

१२. गाउँ कोषः— (१) हरएक गाउँ सभाको एउटा कोष हुनेछ जसलाई गाउँ कोष भनिनेछ।

[२] गाउँ कोषमा देहायका रकम कलमहरू राखी आम्दानी बाँध्नु पर्छ।

[क] यो ऐन बमोजिम उठाउन पाउने कर, दस्तूर वा रकमबाट आएको आयस्ता।

[ख] सरकारले गाउँ सभालाई दिएको जिन्सी नगदी सहायता।

[ग] गाउँ सभाका कर्मचारीहरूले बटुलेको माटो, मैला, गोबर र सिनु इत्यादिको बिक्रीबाट उठेको रकम।

[घ] गाउँ सभाले सापट कर्जा लिएको रकम।

[ङ] नगरपालिका वा अरू कुनै गाउँ सभाले मद्दत गरेको रकम।

[च] सरकारको विशेष वा सामान्य आदेशद्वारा गाउँ कोषका निमित्त पर सारिएका रकम।

[छ] संस्था वा सरकारबाट आएको दस्तूर।

[ज] काजी हाउसको जरिवाना इत्यादिको आम्दानी।

[झ] स्कूल र औषधालयबाट उठेको आम्दानी।

[ञ] गाउँ सभाको चल अचल सम्पत्तिबाट उठेको आम्दानी।

१३. जग्गा प्राप्त गर्ने अधिकारः— गाउँ सभालाई यो ऐनमा लेखिए बमोजिमको कुनै कामका निमित्त जग्गा चाहियो भने जग्गा धनीको मन्जूरी लिई भाडा सट्टा मोल दिई लिन हुन्छ, जग्गा धनीले दिन मन्जुर गरेन भने गाउँ सभाले स्थानीय हाकिम छेउ सो जग्गा दिलाई पाउँ भनी दरखास्त दिनु पर्छ स्थानीय हाकिमले पनि सो जग्गा सार्वजनिक काममा निमित्त गाउँ सभालाई चाहिएको मनासीब हो भन्ने ठहराएमा सरकारमा पेश गरी निर्णय भए बमोजिम गर्नु पर्छ।

१४. गाउँ सभाको हकको सम्पत्तिः— गाउँ सभाका नाउँमा दर्ता हुन आएको जग्गा जमीन र अरू सम्पत्ति उपर गाउँ सभाको पूरा हक हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. सापटी कर्जा लिने अधिकार:— स्थानीय हाकिमको स्वीकृति लिई गाउँसभाले यस ऐन बमोजिमको कुनै कामका निमित्त तोकिएको शर्त बन्देजमा रही सापटी कर्जा लिन हुन्छ ।

१६. गाउँसभाले ठेक्का र उठाउन हुने कर, दस्तूर रकम:— (१) गाउँसभाको गठन भएपछि सो गाउँ सभाका इलाका भित्रका मालपोत तिर्ने हरएक व्यक्तिले आफूले तिर्नु पर्ने मालपोतका अतिरिक्त सो मालपोतको अङ्कको सयकडा पाँच गाउँ सभालाई करको रूपमा बुझाउनु पर्छ ।

[२] उपदफा [१] मा लेखिएको कर नबुझाइ बाँकी राखेमा गाउँ-पञ्चायतले फांट खोली इलाका मालमा लेखि पठाउनु पर्छ र इलाका मालले पनि मालपोत बाँकी सरहको कारवाई गरी असूल उपर भएको रकम गाउँ सभालाई बुझाई दिनु पर्छ ।

[३] सरकारले जारी गरेको नियम तथा आदेशका अधीनमा रही गाउँसभाले देहाय बमोजिमको कर, दस्तूर वा रकम ठेक्का र उठाउन सक्छ ।

[क] व्यापार वा पेशामा तोकिएको दरमा नबढाइ कर ।

[ख] तोकिएको दरमा नबढाई आफ्नो इलाकामा सवारी साधन चलाउँदाको दस्तूर ।

[ग] तोकिएको दरमा नबढाई आफ्ना अधीनको मेला बजार हाटमा वस्तु भाउको खरिद बिक्री गर्दाको दस्तूर ।

[घ] उपदफा (१) वा यस उपदफाको देहाय (क) मा लेखिए बमोजिमको कर नलागेकाहरूलाई सो कर भन्दा बढी नपर्ने गरी घर धुरीमा रकम

[४] उपदफा [३] अन्तर्गतको दस्तूर वा रकम ठेक्का तोकिएको तरीकाले ठेक्नुपर्छ र सो उठाउँदा वा बुझाउँदा पनि तोकिएको समयमा उठाउन र बुझाउन पर्छ ।

[५] यस दफा बमोजिम ठेकिने र उठाइने कर, दस्तूर वा रकम यो यो हिसाबले यति यति ठेकिने र उठाइने भयो भनी स्थानीय हाकिम छेउ गाउँ समेत सभाले पेश गर्नु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. संयुक्तकोषः— [१] ग्रामविकास कार्य र ग्रामीणहरूको आपसी वर व्यवहारको सुविधाको लागी गाउँसभाले एक संयुक्तकोष खडा गर्नु पर्छ।

[२] जग्गामा बाली लगाउँदा र काट्दा लागेको मनासीव खर्चकटाई खूद बाँकी रहेको उब्जाबाट नम्बर १ को २ सेर र मुरी एकको १ माथीका दरले हरएक जग्गा धनी वा जग्गावालले र त्यसको ४ खण्डको १ हुने हरएक मोही वा मोहीवालाले उक्त कोषका निमित्त जिन्सीको रूपमा प्रतिवर्ष चन्दा दिनु पर्छ।

[३] उपदफा [२] बमोजिम जम्मा हुन आएको जिन्सी माललाई प्रचलित दर भाउमा बिक्री गरी नगदका रूपमा कोषमा जम्मा गरीवा सो नगरी जिन्सीके रूपमा राखिनेछ र सम्बन्धित गाउँसभाहरूले सो कोष मध्ये केही रकम तोकिए बमोजिम कर्जामा दिन हुन्छ।

[४] उपदफा (२) मा लेखिएको रकम नबुझाई बाँकी राखेमा गाउँ-पंचायतले फांट खोली इलाका मालमा लेखि पठाउनु पर्छ र इलाका मालले पनि मालपोत बाँकी भए सरहको कारवाई गरी असूल उपर गर्नु पर्छ।

१८. गाउँकोषको संरक्षण र हिसाब किताबको बन्दोबस्त प्रबन्ध गर्नेः— गाउँ-सभाले आफूले ठेक्का बढाउन पाउने कर दस्तूर वा रकम ठेक्का उठाउन गाउँकोषको र संयुक्तकोषको संरक्षण गर्न र तत्सम्बन्धी हिसाब किताब दुरुस्त राख्नका लागी जो चाहिने प्रबन्ध गर्नु पर्छ।

१९. हिसाब किताबको जांचः— गाउँसभाको हिसाब किताब साल सालै सरकारबाट अधिकार पाएका व्यक्तिले तोकिएको तरिकाले जांचने छ।

## परिच्छेद ५

### गाउँपंचायतको स्थापना र गठन

२०. गाउँपंचायतको स्थापना र गठन :—(१) गाउँसभाको स्थापना भएपछि सकभर चांडो त्यस गाउँसभाका सदस्यहरूले तोकिए बमोजिमको तरीकाबाट एउटा कार्यकारिणी समितिको चुनाव गर्ने छन्। सो कार्यकारिणी समिति गाउँपंचायत भनिने छ र तोकिए बमोजिम त्यस गाउँपंचायतले आफना सदस्यहरू मध्य एउटा प्रधान पंच र एउटा उपप्रधान पंच छान्नु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६६

[२] गाउँ पंचायतका सदस्यहरूको संख्या तोकिए बमोजिमको हुनेछ। गाउँ पंचायतको प्रधानपंच र उपप्रधानपंच सो गाउँ-सभाका पदेन सभापति र उपसभापति हुनेछन्।

(३) गाउँ पंचायतको प्रधानपंच उपप्रधानपंच, र सदस्यहरूको कार्यकोअवधि ३ वर्षको हुनेछ।

तर निजहरूलाई देहायका अवस्थामा सो अवधि भुक्तान हुन अगावै हटाउन सकिनेछ।

[क] खराब आचरणको वा काम गर्न नसक्ने भनी जिल्ला पंचायतले दिएको लिखित राय स्थानीय हाकिमले स्वीकृत गरेमा।

[ख] गाउँ सभाको कोरम पुगेको बैठकमा उपस्थित सदस्यहरूको ३ खण्डको २ खण्डका बहुमतले हटाउने प्रस्तावपास गरेमा।

(४) गाउँ सभाको स्थापना भएपछि र प्रधानपंचको चुनाव नभए सम्मको बीचको अवधिको लागि सो गाउँ सभाको सभापतिको काम स्थानीय हाकिमले स्वयं वा निजले मनोनीत गरेको व्यक्तिले गर्नेछ।

[५] गाउँ पंचायतका सदस्यहरूको चुनावको निमित्त स्थानीय हाकिमले गाउँ सभाको इलाकालाई चाहिने जति ओडामा विभाजित गर्न सक्छ।

[६] गाउँ पंचायतका सदस्यहरूको चुनाव तोकिएको तरीकाले हुनेछ र उम्मेदवारहरूले तोकिए बमोजिमको अमानत समेत दाखिल गर्नु पर्नेछ।

[७] उपदफा [२] अन्तर्गत तोकिए जति संख्याका सबै सदस्यहरू दोहर्‍याई चुनाव गर्दा पनि गाउँ सभाले पूर्ति गर्न नसकेमा जिल्ला पंचायतको सिफारिसलाई स्थानीय हाकिमले रिक्त स्थानको पूर्ति गाउँ सभाका सदस्यहरू मध्येबाट मनोनीत गरी गर्न हुन्छ। त्यसरी मनोनीत गरिएको सदस्य यस ऐन बमोजिम चुनाव भए सरह मानिने छ।

[८] गाउँ पंचायतका सदस्यहरूको पदको अवधि शपथ लिएका मितिदेखि शुरू हुनेछ र ३ वर्षमा हुने गाउँ पंचायतको साधारण चुनावमा निर्वाचित भएका सदस्यहरू आफ्नो पदमा बहाल नभएसम्म रही रहने छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६८

२१. <u>एक साथ एक भन्दा बढी पदमा बहाल रहन नपाउने</u>:–कुनै व्यक्ति एक समय एकभन्दा बढी गाउँपञ्चायतको कुन पदमा पनि बहाल रहन सक्दैन।

२२. <u>गाउँपञ्चायतको सदस्यको निमित्त अयोग्यताः</u>- देहायमा लेखिए बमोजिमको व्यक्ति गाउँपञ्चायतको कुनै सदस्यमा छानिन वा मनोनीत हुन वा त्यस्तो पदमा बहाल रहन अयोग्य हुनेछ।

(क) सम्बन्धित गाउँसभाको सदस्य नभएका वा

(ख) बहालवाला सरकारी कर्मचारी वा

(ग) गाउँसभाको तलबी कर्मचारी वा

(घ) नोकरी सरकारी जागिरबाट खोसिएको वा

(ङ) गाउँसभालाई तिर्नु बुझाउनु पर्ने कर दस्तुर वा अरू कुनै रकम कलम तोकिएका म्यादभित्र नतिरी नबुझाई बाँकी राख्ने वा

(च) सर्वसाधारण जनतालाई हानी हुने गरी आफ्नो पदको बराबर दुर व्यवहार वा दुरुपयोग गर्ने।

(छ) गाउँपञ्चायतको बैठकमा लगातार ३ पटक सम्म मनासिब माफकको कारण खोली सभापति छेउ सूचना नपठाई गैर हाजिर हुने वा

(ज) गाउँसभाको विरुद्धमा उठेका मुद्दा मामिलामा गाउँसभाका झगडियाका तर्फबाट लुकी छिपी मुद्दा मामिला चलाउन वा मुद्दा मामिला चलाउन मद्दत दिने वा खुलमखुला पैरवी गर्ने वा

(झ) महारोगी वा

(ञ) टाट पल्टी ऋण तिर्न नसकी साहुको दामासाहीमा परेका वा

[ट] चुनाव सम्बन्धी कुनै अपराधमा सजाय पाएका वा

[ठ] नैतिकपतन देखिने अभियोगमा अदालतबाट दोषी प्रमाणित भएका वा

[ड] असल चालचलन राख्नका निमित्त सरकारमा जमानत दिई राखेका तर यस दफाका देहाय [छ], [ट] [ठ] र [ड] मा लेखिएका अयोग्यता सरकारले हटाउन सक्नेछ।

२३. <u>गाउँपञ्चायतका सदस्यता कायम नरहने अवस्थाः</u>– (१) देहायका अवस्थामा गाउँ पञ्चायतको सदस्यता कायम रहन सक्दैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[क] दफा ५ को दहायमा लेखिए बमोजिमको अयोग्यता भएमा वा
[ख] बसोबास गरी आएका ठाउँ गाउँसभाको इलाकाबाट छि-किमो वा
[ग] गाउँसभाको इलाका भित्र साधारणतया न बस्ने भएमा र अरू ठाउँ मै मत दिने अधिकार प्रयोगरेमा।

[२] उपदफा [१] बमोजिम गाउँपंचायतको सदस्यतामा कायम नरहेका कुनै व्यक्ति सो गाउँपंचायतको सदस्यमा छानिएको वा मनोनीत भएको रहेछ भने पनि सो पदमा समेत बहाल रहन सक्नैन।

[३] कुनै व्यक्ति दफा ५ वा २२ वा यसै दफाको उपदफा [१] मा लेखिए बमोजिम अयोग्य भएको छ छैन भन्ने कुराको प्रश्न उठेमा सो कुराको निर्णयका लागी स्थानीय हाकिममा पठाइनेछ र निजको निर्णय उपर सरकारमा अपील लाग्नेछ अपील नपरेकोमा स्थानीय हाकिमको र अपील परेकोमा सरकारको निर्णय अन्तिम हुनेछ।

२४. कारबाई सदर मानिनेः— यस ऐनमा जेसुकै लेखिएको भएता पनि गाउँ-पंचायत वा गाउँ सभाको कुनै समितिमा सदस्यको स्थान रिक्त भई कामकाज भएको रहेछ वा सदस्य हुन अयोग्य व्यक्ति कुनै कारणले सदस्यभई कामकाज गरी आएको रहेछ भने पनि त्यस्तो कारबाई बदर हुन सक्नैन।

२५. शपथ लिनेः— आफ्नो पदमा बहाल गर्नु भन्दा अघि प्रधानपंच उपप्रधानपञ्च र गाउँपञ्चायतका अन्य सदस्यले स्थानीय हाकिम छेउ निम्नलिखित शपथ लिनु पर्छ।

म $\frac{\text{परमात्मालाई साक्षीराखी शपथ ग्रहण गर्दछु}}{\text{धर्म सम्झी सत्यनिष्ठा सहित प्रतिज्ञा गर्दछु}}$ कि इमान कसैको पक्षपात नगरी कामकाज गर्नेला।

२६. राजीनामाः— गाउँपञ्चायतका प्रधान पञ्च उपप्रधानपंचले स्थानीय हाकिम छेउ र अरू सदस्यहरूले प्रधानपंच छेउ आफ्नो हस्ताक्षरमा राजीनामा लेखी पदत्याग गर्न पाउँछ त्यस्ता राजीनामा गरेपछि सो पद खाली भएको मानिने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७. खाली पदको पूर्तिः—परलोक भइ राजीनामा गरी वा अरू कारणले हटन गरी प्रधानपंच उपप्रधान वा गाउँ पंचायतका अन्य सदस्य को पद खाली भएकोमा खाली हुनेकाको कार्य अवधिको बाँकी म्याद भरलाई मात्र दफा २० (६) बमोजिम अर्को व्यक्ति छानी मुकरर गरीने छ।

२८. प्रधानपंचको अधिकार तथा कर्तव्यः– प्रधानपंचको अधिकार तथा कर्तव्य देहाय बमोजिमको हुनेछ।

[क] महीनाको एक पटकभन्दा नघटाई समय समयमा आवश्यकतानुसार गाउँ पंचायतको बैठक बोलाउने र आफू बाहेक ३ खण्डको १ खण्ड सम्म सदस्य उपस्थित भए पनि बैठकको कार्वाई चालू गर्ने।

[ख] सो बैठकमा रिपोर्ट तथा प्रस्ताव पेश गर्ने गराउने।

[ग] सो बैठकमा निर्णयात्मक मत (कास्टिंग भोट) को प्रयोग गर्ने।

[घ] सो बैठकमा सर्वसम्मति वा बहुमतले पास भएका प्रस्तावहरूलाई कार्यान्वित गर्ने गराउने।

[ङ] गाउँ सभाका कर्मचारीहरूको कामको रेखदेख गर्ने।

[च] गाउँ सभाको धनमालको हेर विचार राखन र त्यसमा केही दोष देखेमा गाउँ पंचायतलाई सो बेहोराको सूचना दिने।

[छ] स्थानीय हाकिम वा जिल्ला पंचायतले मागेको रिपोर्ट पेश गर्ने र गाउँ पंचायतले पास गरेको प्रस्ताव तोकिएको समयमा निज छेउ पठाउने।

[ज] गाउँ सभा र गाउँ पंचायत सम्बन्धका स्याहा स्रेस्ता र अरू कागजपत्र दुरुस्त राख्ने राखन लगाउने।

[झ] गाउँ पंचायतले कुनै अख्तयारी गरी दिएमा सो बमोजिम काम गर्ने।

[ञ] मनासीब माफिकको कारण देखेमा गाउँ सभाको असाधारण सभा बोलाउने।

[ट] यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा उपनियम प्रधान पंचले गर्नु भनी लेखेका काम गर्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९. प्रधानपंचको अनुपस्थितिमा उपप्रधानपंचको अधिकारः— प्रधानपंच हाजिर नभएका बखत दफा २८ बमोजिमको अधिकार तथा कर्तव्य उपप्रधानपंचले प्रयोग तथा पालन गर्नु पर्छ।

३०. प्रधानपंचले आफ्नो अख्तियार भित्रका केही काम उपप्रधानपंचद्वारा गराउन हुनेः— प्रधानपंचले गाउँसभा वा गाउँ पंचायतको बैठकले बोलाउने र सो बैठकको सभापतित्व गर्ने काम बाहेक आफ्नो अख्तियार भित्रको कुन काम उपप्रधान पंचद्वारा आफ्नो रेखदेखमा गराउन हुन्छ। सो काम गराउँदा निजलाई लिखित आदेश दिएर गराउन पर्छ।

## परिच्छेद ६

### गाउँ पंचायतको काम कर्तव्य र अधिकार

३१. गाउँ पंचायतको काम, कर्तव्य र अधिकारः— [१] दफा ११ मा लेखिए देखि बाहेक गाउँ सभाको सबै काम, कर्तव्य र अधिकार गाउँ पंचायतले तामेल, पालन र प्रयोग गर्नेछ र दफा १२ मा लेखिए बमोजिमको गाउँ कोषलाई यस ऐन बमोजिमको कामको लागि तोकिएका तरीकाले उपयोगमा ल्याउने अधिकार पनि गाउँ पंचायतलाई हुनेछ।

[२] दफा १७ बमोजिमको संयुक्तकोष गाउँ पंचायतको जिम्मामा रहनेछ र गाउँ लेहरूलाई सापट कर्जा दिने काम तथा गाउँ सभाको हित हुने अन्य कामका लागि सो कोष तोकिएको तरीकाले गाउँ-पंचायतले चलन गर्नेछ र सो कोषमा हुन आएको आम्दानी र खर्चको फांट महिना नाघेको ७ दिन भित्र स्थानीय हाकिम छेउ पेश गर्नु पर्छ।

३२. पंचायतले गर्नु पर्ने कामः- गाउँ पंचायतले जिल्ला पंचायतको सामान्य नियन्त्रणमा रही देहाय बमोजिमका कामहरू आफ्नो आम्दानीले भेटेसम्म गर्नु पर्छ।

[क] मूल सडक बाटो बनाउने सफा राख्ने र मरमत गर्ने।
[ख] सडकको दायाँ बायाँ र अरू ठाउँमा रूख लगाउने।
[ग] सर्वसाधारणका निमित्त औषधी इलाजको प्रबन्ध गर्ने।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[घ] सुधर सफाई, महामारी, सरुवा रोगका बचाउ र औषधी इलाजको प्रबन्ध गर्ने ।

[ङ] गाउँ सभाको जिम्मा वा मातहतमा रहेका र पछि थपिन आए- को घर र अरु सम्पतिको बचाउ र हेरचाह गर्ने ।

[च] जनसंख्याको लगत खडा गरी राख्ने ।

[छ] जन्म मरणको लगत खडा गरी राख्ने ।

[ज] गाउँ सभाको आफ्नो वा आफ्ना जिम्माको जग्गा जमीन अरूले चापेमा हटाउने ।

[झ] मसान घाट र सिनो फ्याँकने ठाउँको प्रबन्ध गर्ने ।

[ञ] सरकारीया भन्सार (बजार) अड्डा मातहतका मेलाहरू वार्षिक अरू बजार मेला हातहरू खडा गर्ने र प्रबन्ध गर्ने ।

[ट] बालक बालिकाहरूलाई प्रारम्भिक शिक्षा दिने, स्कूल पाठशा- लाको स्थापना र त्यसको प्रबन्ध गर्ने ।

[ठ] गोचरण छुट्याई राख्ने र त्यसको रेखदेख गर्नु ।

[ड] गाउँलेको साझा पानी, कुवा, इनार, धारा, पोखरी, पानीको मूल, वस्तुले खाने पानी, लुगा धुने पोखरी इत्यादि बनाउने छुट्याउने, मरमत वा रक्षा गर्ने तथा मुहानका रूखहरूको बचाउ गर्ने ।

[ढ] नयाँ घर बनाउने थप्ने बदल्ने कामको अनुमति दिने ।

[ण] खेती, व्यापार, उद्योगको काम बढाउनामा मद्दत दिने ।

[त] आगलागी भएमा निभाउने र आगलागीबाट ज्यान, माल बचाउनाका लागी प्रबन्ध गर्ने ।

[थ] सुत्केरी र बालस्वास्थ्यको रक्षाको प्रबन्ध गर्ने ।

[द] मलथुपार्ने ठाउँको ठेगाना गर्ने ।

[ध] कॉजीहाउस राख्ने प्रबन्ध गर्ने ।

[न] गाई वस्तुहरूको पैदायसी बढाउने सुधार्ने, तिनीहरूलाई रोग व्याधबाट बचाउने र तिनीहरूको औषधी इलाजको प्रबन्ध गर्ने ।

[प] फोहोर मैला, खाल्टा खुल्टो पुर्ने र सम्याउने ।

[फ] घरेलु इलमहरू सिकाउने, प्रचार गर्ने तिनको प्रबन्ध गर्ने ।

(ब) खेत बारीमा लगाई राखेको बाली गाई वस्तुले खान नोक्सान गर्न नपाउने गरी हेरविचार गर्नाई बचाउ गर्न लगाउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६२

(भ) बहुलाहा, बेवारिसी, नाबालक, केटाकेटीहरूको र असहाय र असमर्थहरूको धनमालको हेर विचार गर्न गर्न लाउने ।

(म] स्थानीय हाकिमबाट वा निज मार्फत आएका सार्वजनिक सूचना टाँस्ने टांस्न लगाउने ।

[य] खेती निमित्त चाहिने असल बीउ र ज्यावलहरूको गोदाम खडा गर्ने ।

(र) अनिकाल र विपत आपतबाट उद्धार गर्ने।

(ल) पुस्तकालय र वाचनालय राख्ने।

(व) संयुक्तकोष खडा गर्ने, समुचित व्यवस्था र सञ्चालन गर्ने ।

(श प्रचलित कानूनका अधीनमा रही गाउं सभाको हितको निमित्त विकाश कार्यहरू गर्ने।

(ष). सार्वजनिक हितका निमित्त गरिएको सरकारी काम कुरा जनतालाई सम्झाउने।

२३. पञ्चायतले गर्न सक्ने कामः— गाउं पञ्चायतले जिल्ला पञ्चायतको सामान्य नियन्त्रणमा रही देहाय बमोजिमका कामहरु गर्न सक्छ।

[क] मनोरंजन र बसन्तकाका लागि ठाउंको प्रबन्ध गर्ने।

[ख] छाला काट्ने, रंगाउने; पकाउने इत्यादि काम बाधा नपर्ने गरी बस्ती बाहिर टाढा राखन लाउने।

(ग] रेडियो सेट र ग्रामोफोन राख्ने ।

(घ] सडक, मूलबाटो र अरू सार्वजनिक स्थानमा बत्ती राख्ने।

२४, स्वास्थ सुधारको निमित्त काम गर्दाको:— [१] गाउं पञ्चायतले गाउंभरको स्वास्थ सुधारको निमित्त देहायको काम गर्न परेमा घर अगाका धनीलाई निजको हसियत हेरी मनासिब माफिकको म्याद र अनाउ दिई गराउन लाउन सक्छ। सो बमोजिम गर्न नटेरेमा पहिला पटकलाई दफा ४५ बमोजिम जरिवाना गर्ने र दोस्रो पटकला स्थानीय हाकिम छेउ मिकामाको निमित्त पेश गर्नु पर्छ।

(क) चर्पि, पाइखाना वा अरू त्यस्तो फोहोर मैला फ्याँक्ने ठाउंमा अदल बदल र मरमत गराउने।

(ख) कुवा, पधेरो, पोखरी, तलाउ सोहन वा सफा गरेन लगाउने।

(ग) घर अगामा झारपात सफा गराउने।

(घ) अगाको मल, फोहोर, मैला हटाउन लगाउने।

463

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[२] उपदफा (१) को कुरामा चित्त नबुझ्ने सो घर जग्गाका धनी-ले जनाउ पाएका ३५ दिन भित्र स्थानीय हाकिम छेउ गाउँ पंचायतको आदेश उपर अपील दिन पाउँछ र स्थानीय हाकिमले पनि जो बुझ्नु पर्ने बुझी उक्त आदेश सदर वा बदर वा केही उल्टो गर्न सक्छ।

(३) उपदफा (१) बमोजिम पेश हुन आएको कुरामा स्थानीय हाकिमले कसूर हेरी रू १। देखि रू ५०। सम्म जरिवाना गर्न सक्छ यसमा अपील लाग्ने छैन ।

३५. स्कूल पाठशाला र औषधालय खोल्दा र चलाउँदाको:—गाउँ पंचायतले—

[क] स्कूल पाठशाला खोल्दा र चलाउँदा शिक्षा विधान बमोजिम गर्नु पर्छ र भइरहेका स्कूल, पाठशालालाई पनि यथासम्भव मद्दत दिनु पर्छ ।

[ख] औषधालय खोल्दा र चलाउँदा सो सम्बन्धमा सरकारबाट बनेका नियम आदेशका अधीनमा रही खोल्नु खुलाउनु पर्छ र भएका औषधालयलाई पनि यथासम्भव मद्दत दिनु पर्छ ।

३६. संयुक्त तवरले स्कूल, पाठशाला वा औषधालय राख्न हुने:-कुनै गाउँ पंचायतले आफ्नो छुट्टै स्कूल, पाठशाला वा औषधालय राख्न सक्तैन भने स्थानीय हाकिमको इजाजत लिई छिमेकको अरू गाउँ पंचायत-हरूसंग मिली राख्न पनि हुन्छ ।

३७. सरकारी कर्मचारीलाई मद्दत:—कुनै किसिमको सरकारी काममा खटि-एका सरकारी कर्मचारीहरूलाई मद्दत गर्न भनी गौंडा गढी गोश्वाराले अड्डर पूर्जी गरी पठाए गाउँ पंचायतले आफ्नो इलाका भित्रको काममा सकेसम्म मद्दत दिनु पर्छ ।

३८. गाउँ पंचायतले जाहेरी सिफारिस गर्न हुने:—गाउँ पंचायतले आफ्ना इलाका भित्रका बासिन्दाहरूको भलाई हुने जुनसुकै कुराको जाहेरी स्थानीय हाकिम मार्फत सरकारमा गर्न सक्छ ।

३९. गाउँ पंचायतले सरकारी वा गैर सरकारी रकम कलम इत्यादि उठाउने ठेक्का लिने वा कबुलियत गर्ने अधिकार:—आफ्ना इलाका भित्र

४८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारी बाकी र अरु कुनै रकम कलमहरु वा कानून बमोजिम दामया दारको रकम कलम र शाली समेत उठाउन परेमा गाउँ पंचायतले दरखास्तवालासंग उठतीको सैकडा ५ा दस्तूर लिई उठाइ दिन हुन्छ।

४०. गाउँ सभाको सम्पति नोक्सान वा दुरुपयोग गरेमा सदस्यको जवाफ देही:– गाउँ पंचायतको कुनै सदस्य वा यस ऐन बमोजिम बनेको संयुक्त समिति वा अरु कुनै समितिका सदस्यको जिम्मामा रहेको सम्पति निजको लापरवाहीले वा दुराचरणले नोक्सानी वा दुरुपयोग गरेमा ज जस्ले गरेको छ उसैले जवाब देही हुनु पर्नेछ। नोक्सानी उपर गर्ने गाउँ सभाले निजका नाउँमा नालीश गर्न सक्नु।

४१. सदस्यहरुको व्यक्तिगत अधिकार:— गाउँ पंचायतका सदस्यले बैठक भएका बेलामा तोकिएको तरीकाले गाउँ पंचायतको प्रशासनसँग सम्बन्धित विषयमा प्रस्ताव पेश गर्न र सभापति वा उपसभापतिसँग सोबारे प्रश्न समेत गर्न सक्छ।

४२. गाउँ पंचायतका कर्मचारीको नियुक्ति:– गाउँ पंचायतको सेक्रेटरी स्थानीय हाकिमबाट नियुक्त हुनेछ। र निजको योग्यता काम कर्तव्य अधिकार र नोकरीको शर्त तोकिए बमोजिम हुनेछ।

[क] स्थानीय हाकिमको अनुमति लिई गाउँ पंचायतले सेक्रेटरी बाहेक चाहिने जति कर्मचारी समय समयमा नियुक्त गर्न सक्छ।

[ख] गाउँ पंचायतका कुनै कर्मचारीलाई सजाय गर्ने, खोस्ने वा खारेज गर्ने गरी गाउँ पंचायतले आदेश दिएको रहेछ भने त्यस उपर स्थानीय हाकिम छेउ र स्थानीय हाकिमले आदेश दिएको रहेछ भने सरकारछेउ सुनाउ पाएका ३० दिन भित्र अपील दिन पाउँछ।

[ग] पंचायतका कर्मचारीहरुको तलब भत्ता तोकिए बमोजिमको हुनेछ र गाउँ कोषबाट सो तलब भत्ता दिइनेछ।

४३. गाउँ पंचायतले समिति खडा गर्ने:– तोकिएको शर्तको बन्देजमा रही गाउँ पंचायतले यो ऐन बमोजिमको कुनै खास काममा आफ्नो सहायताका लागि समिति खडा गर्न सक्छ र आवश्यक भएमा आफ्नो अख्तियारी मध्येबाट चाहिने अख्तियारी समेत सो समितिलाई दिनु सक्छ।

५। 462

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४. केही खास किसिमका मुद्दा मामिला हेरी छिन्ने अधिकार सरकारले गाउँपंचायतलाई दिन सक्ने:- [१] सरकारले नेपाल गजेटमा प्रकाशित आदेशद्वारा इलाका अदालत (हालको अमिनी अदालत) ले हेरी छिन्न पाउने मध्येका केही खास किसिमका मुद्दा मामिला हेरी छिन्ने अधिकार नेपाल राज्यभरका सबै वा केही गाउँपंचायतहरूलाई दिन सक्छ र त्यस्ता गाउँपंचायतले छिनेका मुद्दा मामिलाहरूलाई यस ऐनको तात्पर्यका लागि इलाका अदालत [हालको अमिनी अदालत] ले छिने सरह मानिनेछ।

[२] उपदफा [१] बमोजिम गाउँपंचायतले मुद्दा मामिला हेर्दा अपनाउनु पर्ने कार्यप्रणाली बारे दफा ६१ अन्तर्गत नियम नबनेसम्म प्रचलित कानून बमोजिम कारवाई किनारा गर्नेछ।

## परिच्छेद ७

### सरकारको विशेष अधिकार

४५. निरीक्षण:- सरकारले देहाय बमोजिम गर्न गराउन सक्छ।

[१] गाउँपंचायत वा संयुक्त समितिको भोग चलनमा रहेको गाउँसभाका हकको चल र अचल सम्पतिको निरीक्षण वा गाउँपंचायत वा संयुक्त समितिको अन्होट बमोजिम भइरहेको कुनै कामको निरीक्षण गर्न लगाउने अथवा जांच गर्न गराउँने।

[२] गाउँपंचायत वा संयुक्तसमितिको कब्जा वा नियन्त्रणमा रहेको स्याहा स्रेस्ता र अरु कागजपत्र आदेश जारी गरी झिकाउने।

[३] गाउँपंचायत वा कुनै समितिको काम कारवाई बारेमा रिपोर्ट बयान वा सो सम्बन्धका कागजातको नक्कल आदेश जारी गरी गाउँपंचायत वा संयुक्त समितिबाट दाखिल गराउने।

[४] गाउँपंचायत वा संयुक्त समितिको कुनै काम कारवाई बेरीतको देखिए कानून बमोजिम गर्न लगाउने।

(५) गाउँसभा वा गाउँपंचायत बारेको वा त्यसले गरेका कुनै कामकुराको जांच बहताल गर्न लगाउने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) गाउँ सभा, गाउँ पंचायत, संयुक्त समिति वा अरू कुनै समितिको कामले सर्वसाधारण जनताको हानि नोक्सानी हुने वसेको ज्यू ज्यानको खतरा हुने वा कहीहुलदंगा हुन जाने सम्भव देखी-एमा त्यसो हुन नपाउने गर्ने आदेश दिने ।

४६. गाउँ पंचायतलाई स्थगित वा भंग गर्ने अधिकारः— (१) कुनै गाउँ पंचायतले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पाएको अख्तियारको दुरुपयोग गरेमा वा गर्नु पर्ने कर्तव्यको पालन नगरेमा सरकारले त्यस्ता गाउँ पंचायतका विरुद्धमा सो गाउँ पंचायतले गरेको दोषको विचार गरी देहायमा लेखिएको कुनै कारवाई गर्न सक्नेछः—

(क) सो गाउँ पंचायतलाई भंग गरी नयाँ सदस्यहरू निर्वाचन गर्न लगाउने ।

(ख) सो गाउँ पंचायतलाई भंग गरी नयाँ सदस्यहरू निर्वाचन गराउँदा भंग गरिएको पंचायतका सदस्यहरूलाई नयाँ चुनाउमा उम्मेदवार भई खडा हुन नदिने ।

(ग) केही समयका लागी सो गाउँ पंचायतलाई स्थगित गर्ने ।

[२] माथि उपदफा [१] मा लेखिएबमोजिमको कसूर कुनै सदस्य, समिति वा संयुक्त समितिले गरेमा सरकारले त्यस्ता सदस्य वा त्यस्ता समिति वा संयुक्त समितिका सदस्यहरूलाई खारेज गर्न वा केही समयको लागी सस्पेन्ड गर्न सक्नेछ ।

४७. स्थानीय हाकिमलाई अधिकार सुम्पन सक्नेः— सरकारले आदेश जारी गरी यस परिच्छेद बमोजिम आफूले गर्न सक्ने सबै वा केही अधिकार स्थानीय हाकिमले प्रयोग गर्न पाउने गरी सुम्पन सक्छ ।

४८. अपील गर्ने अधिकारः— दफा ४७ अन्तर्गत स्थानीय हाकिमले कुनै अधिकार प्रयोग गर्दा कसैलाई मर्का पर्‍यो भने त्यस्ता व्यक्ति वा गाउँ पंचायतले ३५ दिन भित्र स्थानीय हाकिमको आदेश उपर सरकार छेउ अपील गर्न पाउछ र सरकारले सो अपील हेरी स्थानीय हाकिमको उक्त आदेश सदर वा बदर वा केही उल्टो गर्न सक्छ ।

४६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# परिच्छेद ८

## दण्ड सजाय र कार्यप्रणाली

४९. यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा उपनियम बखिलाप गरेमा हुने दण्ड सजायः— कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा उपनियम बखिलाप गरी कुनै काम कारवाही गरेमा दण्ड सजाय तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा एक आना देखि दश रूपैयांसम्म जरिवाना हुनेछ र अटेर गरी सोही अपराध फेरी गरेमा पटकै पिच्छे अघि भएको जरिवानामा थप एक रूपैयां जरिवाना हुनेछ।

५०. गाउँसभाको सानू तिनु सम्पत्ति हटाएमा वा हेरफेर गरेमा हुने दण्ड सजायः—

(१) गाउँसभाका दार, वातकाखम्बा, पाइप इत्यादि सार तिनु धनमाल कानूनले अनुमति दिन पाउने व्यक्तिको इजाजत नलिई कसैले हटाएमा वा हेरफेर गरेमा वा सो गर्न लगाएमा दफा ४८ बमोजिम दण्ड सजाय हुनेछ।

(२) उपदफा [१] मा लेखिए बमोजिम गरे गराएको हानि नोक्सानि को हर्जाना समेत नोक्सानी गर्ने व्यक्तिबाट उपर गरिनेछ अथवा उसैलाई साविक बमोजिम तयार गर्न लगाइनेछ।

५१. अटेर गर्नेलाई सजायः— यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा उपनियम बमोजिम कसैलाई कुनै काम गर्नु वा नगर्नु भन्ने समेत किटी दिएको लेखोट पुर्जी बमोजिम गर्नु भनेको नगरेमा वा नगर्नु भनेको गरेमा भएको हानी नोक्सानीको खर्च गाउँपञ्चायतले नटेर्ने व्यक्तिबाट भराई दफा ४९ बमोजिम जरिवाना गर्न सक्छ।

५२. लेखोट पुर्जीको ढाँचा नामिलेमा वेरितको नहुनेः— लेखोट पुर्जीका ढांचामा कुन कुराको त्रुटी भए तापनि अर्थमा तल माथि नपर्ने भएमा सो लेखोट पुर्जी वेरीतको मानिने छैन।

५३. अपीलः— (१) गाउँपञ्चायतले आदेश गरेको वा अन्हाएको काममा कुनै व्यक्तिको चित्त बुझेन भने यस ऐनका अरू दफामा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लेखिएकोमा सोही बमोजिम हुनेछ र नलेखिएकोमा स्थानीय हाकिम छेउ ३५ दिनभित्र अपील गर्न पाउँछ र स्थानीय हाकिमले पनि जो बुझ्नु पर्ने बुझी सो आदेश वा अड्डोट सदर वा बदर वा केही उल्टी गर्न सक्छ।

(२) स्थानीय हाकिमले मनासिब ठहराएमा उपदफा (१) मा लेखिएको म्यादमा पन्ध्र दिनसम्म थप दिन सक्छ।

(३) स्थानीय हाकिमले उपदफा (१) अन्तर्गत गरेको निर्णय अन्तिम हुनेछ।

५४. काम कारवाई मुलतवीः— गाउँ पञ्चायतले गरेको कुनै आदेश वा अरहोटमा चित्त नबुझी अपील पर्‍यो भने अपील किनारा नभएसम्म सो आदेश पाए अरहोट बमोजिम गर्नु पर्ने काम कारवाई उक्त अपील सुन्ने अधिकारीको आदेशले मुलतवी रहन सक्छ।

५५. प्रवेश गर्ने अधिकारः— प्रधानपञ्च वा निजले खटाएका गाउँ पञ्चायतका कुनै सदस्य वा गाउँ सभाका कर्मचारीले कुनै घर वा जग्गामा पक्कै वा अरू व्यक्ति साथमा लिई यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उपनियम बमोजिमको कामको लागी प्रवेश गर्न सक्छ।

तर अर्काको घरमा प्रवेश गर्दा—

[क] सूर्योदय देखि सूर्यास्त सम्ममा मात्र प्रवेश गर्नु पर्छ।

[ख] कमसेकम एक घण्टा अगावै घर धनीलाई लिखित सूचना दिई मात्र पस्नु पर्छ।

[ग] त्यहां बसेका व्यक्तिहरूको धर्म र चालचलनमा कर्त धक्का नलाग्ने गरी पस्नु पर्छ।

५६. मुद्दा चलाउने हद म्यादः— [१] यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा उपनियम अनुसार या उक्त, ऐन नियम वा उपनियमले अधिकार दिएको सम्झी गरेको कुनै कामको सम्बन्धमा गाउँ सभा, गाउँ पंचायत, गाउँ पंचायतका सदस्य, गाउँ सभाका कर्मचारी वा तिनीहरूले कुनै कामामा लगाएको व्यक्ति उपर देहाएमा लेखिए बमोजिम नभई मुद्दा चल्न सक्तैन।

[क] मुद्दा चलाउने कारण र दाबी हुनको र निजको वारिस भए त्यसको नाम र ठेगाना खोली लिखित नोटिस गाउँ सभा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गाउँ पंचायत, गाउँ पंचायतका सदस्य, गाउँ सभाका कर्मचारी या वा तिनीहरूले काममा लगाएको व्यक्तिलाई बुझाएको वा हुलाकद्वारा रजिष्टरी गरी पठाएको एक महीना ननाघी, र

[ख] मुद्दा चलाउन कारण भएको ८ महीना भित्र मुद्दा दायर नभई।

५७. कर्तव्यपालन गर्दा वा अधिकार प्रयोग गर्दा असल नियतले काम गरेमा दोषी नहुने:— गाउँ सभा, गाउँ पंचायत, गाउँ पंचायतका सदस्य, गाउँ सभाका कर्मचारी वा तिनीहरूले कुनै काममा लगाएको व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम उपनियम बमोजिम गर्नु पर्ने कर्तव्य पालन गर्दा वा पाएको अधिकार प्रयोग गर्दा असल नियतले गरेकोमा सजायको र हर्जाना तिर्ने भागी हुन्देन।

५८. पुलीस कर्मचारीले मदत दिने:— कसैले यो ऐन वा यस ऐन अन्तगत बनेको नियम वा उपनियम बर्खिलाप गरे गराएको कुरा पुलीस कर्मचारीले थाहा पाएमा गाउँ पंचायतमा खबर दिई गाउँ पंचायत सदस्य र गाउँ सभाका कर्मचारीहरूलाई सकेसम्म मद्दत दिनु पर्छ र यस्तै किसिमको अरू काम कुरामा गाउँ पंचायतले मद्दत मागेमा समेत तुरुन्त मद्दत दिनु पर्छ।

५९. दुइ वा दुइ भन्दा बढी गाउँ पंचायतका बीचमा वा गाउँ पंचायत र जिल्लापंचायत वा गाउँ पंचायत र नगरपालिकाको बीचमा झगडाको निरुपण:—

दुइ वा दुइ भन्दा बढी गाउँ पंचायतका बीचमा झगडा परेमा जिल्ला-पंचायतमा जाहेर गरी र गाउँ पंचायत र जिल्लापंचायत वा गाउँ पंचायत र नगरपालिकाका बीचमा झगडा परेमा सरकार छेउ जाहेर गरी निकाश भए बमोजिम गर्नु पर्छ।

६०. छिन्न बाँकी मुद्दा मामिला:—यो ऐन प्रारम्भ भएका अघिल्लो दिन सम्ममा दायर भई छिन्न बाँकी पंचायती अदालतमा रहेका सबै मुद्दा मामिला इलाका अदालत (हालको अमिनी अदालत) मा सरेका मानिने छन् र सो इलाका अदालतबाट हेरी किनारा हुने छन्

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# परिच्छेद ९

## नियम, उपनियम र खारेजी

६१. नियम बनाउने सरकारको अधिकारः—(१) यस ऐनका उद्देश्य कार्यान्वित गर्न सरकारले नियमहरू बनाउन सक्छ र ती नियमहरू गजेटमा प्रकाशित भएपछि मात्र लाग हुनेछन।

[२] उपदफा (१)ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी ती नियमहरूद्वारा खास गरी देहायका विषयहरूको व्यवस्था हुन सक्छः—

[क] यस ऐनद्वारा स्पष्ट वा गर्भित रूपमा सरकारलाई व्यवस्था गर्न अधिकार दिइएको कुनै कुरा।

[ख] गाउँसभा र गाउँपंचायतको स्थापना।

[ग] गाउँसभाले गर्ने चुनाव र सो सम्बन्धको अरू कुरा।

[घ] गाउँसभा र गाउँपंचायतको बैठकको समय र स्थान तथा त्यस्तो बैठक बोलाउने र सो सम्बन्धका अरू कुरा।

[ङ] बैठकमा सदस्यहरूद्वारा प्रश्न गर्ने सप्रेतको कार्यबिधि बैठक स्थगित गर्ने तरीका र बैठकको कारबाई तथा निर्णय लेख्ने किताब [मिनेट बूक]

[च] समिति खडा गर्ने र सो समितिको अधिकारक्षेत्र तथा कार्यप्रणाली सम्बन्धी सबै कुरा निर्धारित गर्ने।

[छ] गाउँसभाले राख्नु पर्ने स्याहास्रेस्ता रजिष्टर तथा तिनको ढाँचा।

[ज] गाउँसभाको कर्मचारीहरूको दर्जा तलब भत्ता, योग्यता, नियुक्ति हाजिर बिदा खोसुवा, खारेजी, दण्ड सजाय गर्ने अधिकार।

(झ) गाउँसभाको बजेट तयार गर्ने र बिभिन्न कामका निमित्त रुपैयाँ पर सार्ने।

(ञ) गाउँपंचायतले कर, दस्तुर, वा रकम ठेक्ने उठाउने तरीका।

[ट] संयुक्तकोषको संचालन र ऋण लिने दिने व्यवस्था।

[ठ] गाउँपंचायतले पेश गर्ने बार्षिक रिपोर्ट र मासिक रिपोर्ट।

(ड) गाउँपंचायत र अरू अधिकारीवर्गका बीच लेखापढी गर्दाको तह।

[ढ] बेवारिसी नाबालक र असहाय र असमर्थहरूको सम्पत्तिको संरक्षण सम्बन्धी।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९२. उपनियम बनाउने गाउँ पञ्चायतको अधिकारः— [१] यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमका आधारमा रही गाउँ पञ्चायतले देहायका विषयमा उपनियम बनाउन सक्छ।

[क] आफ्ना इलाकाका बासिन्दाका स्वास्थ्यलाई हानि हुने भएमा कुनै मूल वा धाराको पानी स्नान वा त्यस्तो ठाउँमा फोहोर मैला गर्न नदिने।

[ख] फोहोर पानीको निकास जथाभावी खसाल्न बन्द गर्न र बगी आएको फोहोर मैला पानी जम्न नदिन

[ग] बाटो घाटो वा गाउँ सभाको सम्पत्तिमा नोक्सान गर्न नदिने

[घ] आफ्ना इलाकामा फोहोर मैला गर्न रोक्ने।

[ङ] सडकमा जथाभावी माल राखि फोहोर मैला पारी बिक्री गर्न रोक्ने।

[च] पोखरी, तलाउ, निकास, गौचर, खेल्ने मैदान, मसान घाट पानी घाट, वा नुहाउने घाट ठीक ठीक ठाउँमा दस्तूर माफिक राखन लगाउने।

(२) उपदफा (१) अन्तर्गत गाउँ पंचायतले बनाएको उपनियम स्थानीय हाकिमबाट पास भएपछि मात्र लागू हुनेछ।

(३) त्यस्तो उपनियम झ्याली ढोल इत्यादि द्वारा प्रचार गरिनेछ। सो उपनियम गाउँ पंचायतले आफु कहां राख्नु पर्छ र कसैले नक्कलमाग्न आएमा तोकिएको दस्तूरलाई दिनु पर्छ।

९३ खारेजीः- (१) गाउँ पंचायत ऐन, २००६ र पंचायती अदालत ऐन, २००६ खारेज गरीएको छ।

[२] उपदफा [१] मा जेसुकै लेखिएता पनि हाल खडा भइराखेका सबै गाउँ सभा र गाउँ पंचायतहरू यसै ऐन बमोजिम गठन भए सरह चालू रहनेछन्।

तर

सरकार जुनसुकैले बेला त्यस्ता गाउँ सभा वा गाउँ पंचायतलाई भंग गरी यस ऐन अन्तर्गत नयां चुनाव गराउन सक्नेछ।

लालमोहर सदर मितिः- २०१३ साल माघ १२ गते रोज ६।

आज्ञाले—

नयनबहादुर खत्री क्षत्री

सेक्रेटरी- कानून तथा संसदीय प्रबन्धमन्त्रालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।